# वराहपोखरी गाउँपालिकाको आर्थिक ऐन, २०८२

**प्रस्तावनाः** वराहपोखरी गाउँपालिकाको प्रत्येक आर्थिक वर्षको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम वराहपोखरी गाउँपालिकाको गाउँसभाले यो ऐन बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "वराहपोखरी गाउँपालिकाको आर्थिक ऐन, २०८२" रहेको छ।

(२) यो ऐन वि.सं. २०८२।०४।०१ बाट लागू हुनेछ।

२. **भूमि कर (मालपोत):** वराहपोखरी गाउँपालिका क्षेत्रभित्र अनुसूचि (१) बमोजिम भूमि कर (मालपोत) लगाइने र असूल उपर गरिनेछ।

३. **वहाल करः** वराहपोखरी गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै आंशिक तवरले वहालमा दिएकोमा अनुसूचि (२) बमोजिम घर जग्गा वहाल कर लगाइने र असूल गरिनेछ।

४. **व्यवसाय करः** वराहपोखरी गाउँपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसूचि (३) बमोजिम व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ।

५. **सवारी साधन कर/ पटके सवारी कर:** वराहपोखरी गाउँपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा अनुसूचि (४) बमोजिम सवारी साधन कर लगाइने र असुल उपर गरिनेछ ।तर, प्रदेश कानून स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ।

६. **विज्ञापन करः** वराहपोखरी गाउँपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूचि (५) बमोजिम विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ।तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ।

७. **मनोरन्जन करः** वराहपोखरी गाउँपालिका क्षेत्रभित्र हुने मनोरन्जन व्यवसाय सेवामा अनुसूचि (६) बमोजिम व्यवसाय कर लगाइने र असुल उपर गरिनेछ ।।तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ।

८. **बहाल बिटौरी शुल्कः** वराहपोखरी गाउँपालिका क्षेत्रभित्र आफुले निर्माण, रेखदेख वा संचालन गरेका अनुसूचि (७) मा उल्लेख भए अनुसार हाट बजार वा पसलमा सोही अनुसूचिमा भएको व्यस्था अनुसार बहाल बिटौरी शुल्क लगाइने र असूल उपर गरिनेछ।

९. **पार्किङ शुल्कः** वराहपोखरी गाउँपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए वापत अनुसूचि (८) बमोजिम पार्किङ शुल्क लगाइने र असूल उपर गरिनेछ।

१०. **सेवा शुल्क, दस्तुरः** वराहपोखरी गाउँपालिकाले निर्माण, संचालन वा व्यवस्थापन गरेका अनूसूचि (९) मा उल्लिखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचिमा व्यवस्था भए अनुसार शुल्क लगाइने र असूल उपर गरिनेछ।

११. **एकिकृत सम्पति कर**: एकिकृत सम्पति कर विस्तृत अध्ययन गरेपश्चात् अनुसूचि (१०) बमोजिम लगाइने र असुल उपर गरिनेछ।

१२. **जडीबुट्टी तथा जीवजन्तु करः** कानूनअनुसार ओसारपसार गर्न छुट भएका जडीबुट्टी तथा जीवजन्तुजन्य पदार्थको ओसारपसारमा अध्ययन पश्चात् अनुसुचि ११ अनुसार लगाइने र असुल उपर गरिनेछ।

१३. **योजना सेवा शुल्कः** वराहपोखरी गाउँपालिकाभित्र सञ्चालित योजनाहरुमा अनुसूची १२ बमोजिम योजना सेवा शुल्क लगाईने र असुल उपर गरिनेछ।

१४. **कर छुटः** यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिईने छैन।

१५. **कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधिः** यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधि गाउँपालिकाले तोके अनुसार हुने छ।

**अनुसूची-१**

**भूमी कर**

| मालपोत अशुली | बारी | रकम (रु) | कैफियत |
|---|---|---|---|
| अब्बल | १० रोपनि भन्दा कम | ४०।- | |
| | १० रोपनि भन्दा माथि | ७०।- | |
| | २० रोपनि भन्दा माथि | ११०।- | |
| दोयम | १० रोपनि भन्दा कम | ३०।- | |
| | १० रोपनि भन्दा माथि | ६०।- | |
| | २० रोपनि भन्दा माथि | ८५।- | |
| सीम | १० रोपनि भन्दा कम | ३०।- | |
| | १० रोपनि भन्दा वढी | ५०।- | |
| | २० रोपनि भन्दा माथि | ७०।- | |
| चहार | १० रोपनि भन्दा कम | २५।- | |
| | १० रोपनि भन्दा कम | ४०।- | |
| | २० रोपनि भन्दा माथि | ६०।- | |
| **मालपोत अशुली** | **खेत** | **रकम (रु)** | **कैफियत** |
| अब्बल | १० रोपनि भन्दा कम | ६०।- | |
| | १० रोपनि भन्दा माथि | ११०।- | |
| | २० रोपनि भन्दा माथि | १६०।- | |
| दोयम | १० रोपनि भन्दा कम | ५०।- | |
| | १० रोपनि भन्दा माथि | ९०।- | |
| | २० रोपनि भन्दा माथि | १३०।- | |
| सीम | १० रोपनि भन्दा कम | ४०।- | |
| | १० रोपनि भन्दा माथि | ६०।- | |
| | २० रोपनि भन्दा माथि | ९०।- | |
| चहार | १० रोपनि भन्दा कम | ३०।- | |
| | १० रोपनि भन्दा माथि | ५०।- | |
| | २० रोपनि भन्दा माथि | ७०।- | |

***नोटः*** *२ वर्ष भन्दा लामो समय सम्म कर नबुझाउनेलाई जम्मा कर रकममा २५% ५ वर्ष भन्दा बढी समय कर नबुझाउनेलाई ३५% र ८ वर्ष भन्दा बढी समय सम्म कर नबुझाउनेलाई ५०% या जरिवाना लाग्नेछ । तर आ.व. २०७४/०७५ भन्दा अगाडिको मालपोत रकम र जरिवाना साविककै नियममा र दररेट अनुसार लाग्नेछ ।*

## अनुसूची-२
## वहाल कर

| व्हाल कर | शिर्षक | रकम | कैफियच |
| --- | --- | --- | --- |
| वहाल कर | कोठा वा घरभाडाको | १० प्रतिशत | |
| स्रोत परिचालन | हलभाडा प्रतिदिन | २००।- | |
| | कुर्सी भाडा प्रतिदिन/प्रतिगोटा | ५।- | |
| | साउन्ड सिस्टम प्रति दिन | ५०।- | |
| डोजर/एक्जाभेटर/हेभी इक्वीपमेन्ट भाडा | प्रति घण्टा (कुल लागतको) | ०.७% | |

## अनुसूची-३
## व्यवसाय कर

| | | |
| --- | --- | --- |
| मदिरा पसल | वितरक | ३०००।- |
| | थोक | २०००।- |
| | खुद्रा | १०००।- |
| चुरोट विडि सुर्ती जन्य | वितरक | २०००।- |
| | थोक | १५००।- |
| | खुद्रा | १०००।- |
| हल्का पेय पदार्थ | वितरक | १५००।- |
| | थोक | १०००।- |
| | खुद्रा | ५००।- |
| सुनचाँदी पसल | थोक | १५००।- |
| | खुद्रा पसल र  मर्मत | १०००।- |
| औषधी पसल | थोक | ३०००।- |
| | खुद्रा डाक्टर भएको | २०००।- |
| | खुद्रा स्वास्थ्य कर्मी भएको | १५००।- |
| माछा मासु विक्रि पसल | | २०००।- |
| आयुर्वेदिक औषधी पसल | | ५००।- |
| एग्रोभेट पसल | थोक | २०००।- |
| | खुद्रा | १०००।- |
| स्टेशनरी तथा पुस्तक पसल | थोक | १५००।- |
| | खुद्रा | १०००।- |
| छपाई तथा प्रकाशन | अफसेट प्रेश | २०००।- |
| | साधारण प्रेश | १०००।- |
| कस्मेटिक पसल | | १०००।- |
| मोटर पार्टस | थोक | २०००।- |

| | | |
|---|---|---|
| | खुद्रा | १५००।- |
| प्लाई तथा ग्लास | थोक | २५००।- |
| | खुद्रा | १५००।- |
| कपडा/जुत्ता/फेन्सी/चप्पल | थोक | १५००।- |
| | खुद्रा | १०००।- |
| धागो टाँक पसल | थोक | १५००।- |
| | खुद्रा | ७००।- |
| इलेक्ट्रोनिक पसल मोवाईल.घडी.क्यालकुलेटर अडियो भिडियो आदी | वितरक | ३०००।- |
| | थोक | १५००।- |
| | खुद्रा | १०००।- |
| हार्डवेर/मेसिनरी/स्यानिटरि/मार्वल पसल | थोक | ५०००।- |
| | खुद्रा | १०००।- |
| पेट्रोलियम पदार्थ | पेट्रोल पम्प | ५०००।- |
| | पेट्रोल विक्रि केन्द्र | १०००।- |
| | ग्याँस सिलिन्डर सव डिलर | १०००।- |
| | मट्टितेल मात्र बिक्रि | २०००।- |
| स्टिल आल्मुनियम पसल | थोक | २०००।- |
| | खुद्रा | १०००।- |
| फर्निचर | थोक | १५००।- |
| | खुद्रा | १०००।- |
| ढुङ्गा तथा गिट्टि बालुवा बिक्रि (गा.पा. बाहिर/भित्र) | प्रति ट्र्याक्टर | १०००।-/३००।- |
| | **द्रष्टव्यः** ढुङ्गा, गिटी, बालुवा संकलनको लागि थप व्यवस्था नभएसम्म गाउँपालिकाबाट सञ्चालन भएका योजनाहरुको हकमा प्राविधिक मूल्यांकन र समितिको बैठक पुस्तिकामा भएको बैठकको निर्णय बमोजिम भूक्तानीको बखत संकलन गर्ने | |
| कपडा सिलाई कटाई | टेलरिङ आधुनिक | १०००।- |
| कपडा सिलाई कटाई | हाते मेशिन | २०००।- |
| स्नुकर तथा पुल हाउस | | २०००।- |
| क्यारेम बोर्ड | | १०००।- |
| पशु आहार बिक्री केन्द्र | | १०००।- |
| किराना पसल | थोक | १५००।- |
| | खुद्रा | ५००।- |
| फलफूल तरकारी पसल | थोक | ८००।- |
| | खुद्रा | ४००।- |
| उपहार गिफ्ट खेलौना पसल | थोक | १०००।- |
| | खुद्रा | ५००।- |

| | | |
|---|---|---|
| भाँडा पसल/स्टिल/प्लास्टिक/आल्मुनियम सवैथरी | थोक | १०००।- |
| | खुद्रा | १०००।- |
| माटोको भाँडा पसल | थोक/खुद्रा | २००।- |
| विशेषज्ञ परामर्श तथा अन्य व्यवसायी सेवा | चिकित्सक | २०००।- |
| | कन्सल्टेन्ट | २०००।- |
| | कन्सल्टेन्ट सेवा | २०००।- |
| | कानुन व्यवसायी ल फर्म | २०००।- |
| | लेखापरिक्षण व्यावसायी | २०००।- |
| | दन्त चिकित्सक | २०००।- |
| | अनुसन्धानकर्ता परामर्श दाता | २०००।- |
| | पशु चिकित्सक डाक्टर | २०००।- |
| | रोजगार सेवा | ३०००।- |
| ढुवानी तथा ट्रान्सपोर्ट | | २०००।- |
| पेन्टर साईनवोर्ड लेखे | | १०००।- |
| खोटो व्यावसायी | | १०००।- |
| जग्गा व्यावसायी | | २०००।- |
| निर्माण व्यावसायी | | ५०००।- |
| यस वर्गिकरणमा नपरेकाको हकमा | | ७५०।- |
| सञ्चार | एफ.एम.प्रशारण | कार्यविधि अनुसार |
| | केबुल च्यानल प्रशारण | २०००।- |
| | पत्रपत्रिका प्रकाशन | १०००।- |
| | फोटोकपि पि.सि.ओ. साइबर क्याफे | १०००।- |
| | कुरियर सेवा | १०००।- |
| | कलर ल्याब/फोटो स्टुडियो | १०००।- |
| वितीय | विणिज्य बैंक प्रति शाखा/केन्द्रिय कार्यालय | ५०००।- |
| | विकास बैंक पैति शाखा/केन्द्रिय कार्यालय | ५०००।- |
| | फाईनान्स कम्पनी शाखा कार्यालय | ५०००।- |
| | ऋण सहकारी सस्था | २०००।- |
| | मनि ट्रान्सफर | १५००।- |
| | विमा कम्पनी | २०००।- |
| | लघुवित्त | २०००।- |
| स्वास्थ्य सेवा व्यवस्था | निजि अस्पताल तथा नर्सिङहोम | २५००।- |
| | क्लिनिक तथा ल्याब | १५००।- |
| | चस्मा पसल | १५००।- |

| | | |
|---|---|---|
| शिक्षा सेवा निजि | ट्यूशन सेन्टर | १५००।- |
| | कम्प्यूटर नृत्यकला सिकाई केन्द्र | १०००।- |
| | तालिम तथा अनुसन्धान | १०००।- |
| मर्मत सम्भार | टायर ट्यूव मर्मत/रिसोलिङ/हावा भर्ने | १०००।- |
| | ईन्जिन मर्मत | १५००।- |
| | डेन्डिङ पेन्टिङ | १५००।- |
| | टि.भि. फ्रिज/कम्प्यूटर मर्मत | १०००।- |
| | मोटरसाईकल मर्मत | १५००।- |
| | बस/ट्याक्सी सवारी साधन मर्मत | २०००।- |
| | अन्य विविध | १०००।- |
| ड्राई क्लिनिक व्युटि पार्लर तथा सैलुन | | १०००।- |
| फूल बिरुवा पसल | | ५००।- |
| गैर सरकारी संस्थाहरु | राष्ट्रिय | २०००।- |
| | अन्तराष्ट्रिय | ५०००।- |
| होटल लज रेस्टुरेन्ट | होटल र लज | २०००।- |
| | भोजनालय | १०००।- |
| | मिठाई पसल | ५००।- |
| | पार्टी प्यालेस | २५००।- |
| | रेस्टुरेन्ट वार | २०००।- |
| | चिया र खाजा पसल | ५००।- |
| | साना खाना नास्ता पसल मदिरा सहित | २०००।- |
| टेन्ट हाउस | | २०००।- |
| ग्रील उद्योग | | ३०००।- |
| जुत्ता उद्योग | | १५००।- |
| घरेलु कुटिर उद्योग अगरवत्तती/मैनवत्ती/अचार तथा अन्य कुटिर | | १०००।- |
| कपडा तथा गार्मेन्ट उद्योग | | ५०००।- |
| यातायात व्यावसाय वार्षिक | बस/ट्रिपर/ट्रक | ५०००।- |
| | जिप/ट्रयाक्टर | ३०००।- |
| | तिन पाङ्ग्रे | २०००।- |
| सिरक डस्ना उद्योग पसल | | १५००।- |
| कुटानी पिसानी मिल | | १५००।- |
| मसला मिल | | १०००।- |
| ***नोटः*** *यदी मसला मिल रहेको मिलबाटै कुटानी पेलानी पनि छ भने कुटानी पेलानी मिलकै कर लाग्नेछ।* | | |
| डेरि उद्योग | | ५००।- |
| उपभोग्य वस्तु उत्पादन उद्योग | कुकिज नुडल्स | १०००।- |
| | दालमोट/पाउरोटी/चाउमिन | १०००।- |
| | पापड/चिप्स/फिमर | १५००।- |
| वनजन्य उद्योग | मिल प्लाउन उद्योग | ५०००।- |

| | | |
|---|---|---|
| | काठ बिक्री डिपो | २०००।- |
| कसर कन्क्रिक ईटा भट्टा उद्योग | | २०००।- |
| ढाकाटोपी पास्मिना उद्योग | | ५००।- |
| सुर्तिजन्य उद्योग | | ५०००।- |

## अनुसूची-४
## सवारी साधन कर/पटके सवारी कर

| | | |
|---|---|---|
| सवारी साधन कर | बस/ट्रक/हेवी गाडी/ट्र्याक्टर/माईक्रोबस आदी | ३०००।- |
| | भाडाका कार जीप | २०००।- |
| | निजि कार जीप | १०००।- |
| ***द्रष्टव्य:*** *एक गाँउपालिकाले सवारी दर्ता तथा वार्षिक सवारी कर लिएपछि अर्को गाँउपालिकाले तस्तो सवारी दर्ता तथा वार्षिक सवारी कर पाउने छैन ।* | | |

## अनुसूची-५
## विज्ञापन कर

| | | |
|---|---|---|
| विज्ञापन कर | प्रदेश कानून बमोजिम | |

## अनुसूची-६
## मनोरञ्जन कर

| | | |
|---|---|---|
| मनोरञ्जन कर | सर्कस/कन्सर्ट (प्रति दिन) | २५००।- |
| | रोटे पिङ (प्रति दिन) | २५००।- |

## अनुसूची-७
## बहाल विटौरी शुल्क

| | | |
|---|---|---|
| वहाल विटौरी कर | टहरे छाप्रोको मासिक | ५०।- |
| | घुम्ती मासिक | ५०।- |
| | ठेला मासिक | ५०।- |
| हाट बजार | होटल व्यवसाय (प्रति दिन) | ५००।- |
| | कपडा पसल (प्रति दिन) | ७५०।- |
| | कस्मेटिक पसल (प्रति दिन) | ४००।- |
| | कृषि उपज (प्रति दिन) | १००।- |
| | पुजा सामग्री (प्रति दिन) | १००।- |
| | खेलौना (प्रति दिन) | १००।- |

## अनुसूची-८
## पार्किङ शुल्क

| | | |
|---|---|---|
| पार्किङ शुल्क प्रतिदिन | वस/ट्रक/हेभी गाडी/जीप आदी | २०।- |
| | मोटर साईकल/ठेलागाडा/अटो/रिक्शा | १०।- |
| सवारी पार्किङ शुल्क (मेला) | मोटरसाइकल | २००।- |
| | अटो रिक्सा | ३००।- |
| | ट्याक्टर/ट्रक | ७००।- |
| | सार्वजनिक निजि गाडि | १०००।- |
| | जीप | ५००।- |
| ***नोटः** पार्किङ शुल्क वसपार्क व्यवस्थित भएपछि मात्र शुल्क लाग्नेछ ।* | | |

## अनुसूची-९
## सेवा शुल्क, दस्तुर

| विवरण | विस्तृत विवरण | दर(रु) | कैफियत |
|---|---|---|---|
| घरजग्गा नामसारी सिफारिस | ५ रोपनिसम्म | १००।- | |
| | ५ देखि १० रोपनि सम्म | १५०।- | |
| | १० देखि २० रोपनि सम्म | २००।- | |
| | २० देखि ५० रोपनि सम्म | ३००।- | |
| | ५० देखिभन्दा माथि | ५००।- | |
| ***उदारण :** ठिक १० रोपनी जग्गा छ भने दस्तुर रु २०० लाग्नेछ।* | | | |
| मोहि लागतकट्टा सिफरिस | १ रोपनि सम्मको | १००।- | |
| | १ रोपनिभन्दा बढी | २००।- | |
| घर कायम सिफारिस | पक्की घर वर्ग फिट | ३।०० | |
| | कच्ची घर वर्ग फिट | २।०० | |
| सर्जिमिन सिफारिस दस्तुर | | ५००।- | |
| छात्रवृति सिफारिस | | निशुल्क | |
| विपन्न असाहाय विद्यार्थी सिफारिस | | निशुल्क | |
| अपाङ्ग भएको सिफारिस | | १००।- | |
| अस्थाई बसोबास सिफारिस | | ५००।- | |
| व्यावसाय बन्द सिफारिस | | १००।- | |
| स्थाई बसोबास सिफारिस | | ५००।- | |
| विधुत जडान सिफारिस | | १००।- | |
| धारा जडान सिफारिस | | २००।- | |
| जिवित रहेको सिफारिस | | ५००।- | |

| | | | |
|---|---|---|---|
| नागरिकता सफारिस | वंसज | १००।- | |
| | अंगिकृत | ५००।- | |
| दुबै नाम गरेको व्यक्ति एकै हो भन्ने सिफारिस | | ५००।- | |
| जन्म मिति संसोधन सिफारिस | | ५००।- | |
| व्यावसाय सञ्चालन नभएको सिफारिस | | १००।- | |
| व्यापार व्यावसाय नभएको सिफारिस | | १००।- | |
| नावालक परिचयपत्र सिफारिस | | १००।- | |
| चौपाय सम्बन्धि सिफारिस | | १००।- | |
| व्यावसाय दर्ता सिफारिस | | ५००।- | |
| उधोग ठाउँ सारि सिफारिस | | १००।- | |
| विद्धालय ठाउँ सरि सिफारिस | | १०००।- | |
| विद्धालय सञ्चालन स्वीकृत कक्षा वृदी सिफारिस | | २०००।- | |
| व्यक्तिगत विवरण सिफारिस | | ५००।- | |
| जग्गादर्ता सिफारिस | | २००।- | |
| संरक्षक व्यक्तिगत सिफारिस | | १००।- | |
| संरक्षक संस्थागत सिफारिस | | २००।- | |
| घर नक्सा पास दस्तुर | पक्की | ५०००।- | |
| कोटा खोल्ने कार्य रोहोबर बस्ने सिफारिस | | ५००।- | |
| स्वास्थ उपचारको सिफारिस | निशुल्क उपचारको लागि | निशुल्क | |
| | सशुल्क उपचारको लागि | १००।- | |
| संस्था दर्ता सिफारिस | | १०००।- | |
| जग्गा धनिपुर्जा हराएको सिफारिस | | ५००।- | |
| जिवितसँगको नाता सिफारिस | | ५००।- | |
| मृतकसँगको नाता सिफारिस | | ५००।- | |
| आर्थिक अवस्था बलियोवा सम्पन्न प्रमाणित | | २०००।- | |
| आर्थिक अवस्था कमजोर वा विपन्न प्रमाणित | | १००।- | |
| जग्गा मुल्यान्कन सिफारिस | | १००० मा रु ५।- | |
| चारकिल्ला प्रमाणित | | ५००।- | |
| जन्म मिति प्रमाणित | | २००।- | |
| विवाह् प्रमाणित | | ५००।- | |
| घर पताल प्रमाणित | | २००।- | |
| कागज मन्जुरी नामा प्रमाणित | | १००।- | |

| | | | |
|---|---|---|---|
| हकवालावा हकदार प्रमाणित | | १००।- | |
| घर सम्पन्न सिफारिस | कच्चि | १००।- | |
| घर सम्पन्न सिफारिस | पक्की | १०००।- | |
| अविवाहित सिफारिस | | ५००।- | |
| अपुतालि सिफारिस | | ५००।- | |
| अन्य सिफारिस वा प्रमाणित | | १००।- | |
| नक्सा पास निवेदन फारम दस्तुर | | १००।- | |
| घर नक्सा पास दस्तुर | कच्ची | २५००।- | |
| सरसफाई शुल्क | | १००।- | |
| घरखालि गराउँदा प्रतिदिन | | ५००।- | |
| दैवि प्रकोप सिफारिस | | निशुल्क | |
| माथि उल्लेखित सिफारिस वा प्रमाणित प्रतिलिपि आवश्यक परेमा पनि सुरु तोकिएको दस्तुर पुनःलाग्ने । उल्लेखित कागजात अंग्रेजी भाषामा चाहिएमा रु ५००।०० लाग्नेछ । | | | |
| जन्मदर्ता | ३५ दिन भित्र भए निशुल्क अन्याथा | २००/- | |
| मृत्युदर्ता | ३५ दिन भित्र भए निशुल्क अन्याथा | २००/- | |
| बसाईसराई जाने | | ५००/ | |
| सम्बन्धविच्छेद दर्ता | ३५ दिन भित्र भए निशुल्क अन्याथा | २००/- | |
| विवाह दर्ता | ३५ दिन भित्र भए निशुल्क अन्याथा | २००/- | |
| माथि उल्लेखित सिफारिसको प्रतिलिपि दिनु परेमा | | ५००/- | |
| नयाँ व्यावसाय दर्ता | ५ लाख सम्मको | ३००।- | |
| | ५ लाख देखि १९९९९९ | १०००।- | |
| | २० लाख देखि माथि | १५००।- | |
| उजुरी दर्ता र मुद्दा दस्तुर | | १००।- | |
| तलब भत्ता प्रमाणित | अंग्रेजीमा | १०००/- | |
| राजश्व रसिदको प्रतिलिपि | पटकको | १००/- | |
| व्यवसाय नविकरण | १ लाख देखि ५ लाख सम्मको | १५०।- | |
| | ५ लाख देखि १९९९९९ | ५००।- | |
| | २० लाख देखि माथि | ७५०।- | |

**अनुसूची-१०**

**एकिकृत सम्पति कर**

| | |
|---|---|
| एकिकृत सम्पति कर | एकिकृत सम्पति कर पछि विस्तृत अध्ययन गरी लगाईने |

**अनुसूची-११**

**जडिबुट्टी तथा जीवजन्तु कर**

| | |
|---|---|
| जडिवुटि जिवजन्तु कर | पछी निर्णय गरिनेछ । |

## अनुसूची-१२
## योजना सेवा शुल्क

| | | |
|---|---|---|
| उपभोक्ता समिति | रु १००००० सम्म | १००।०० |
| | रु १००००० – रु ५००००० सम्म | २००।०० |
| | रु ५००००० - रु १०००००० सम्म | ३००।०० |
| | रु १०००००० - रु १५००००० सम्म | ४००।०० |
| | रु १५००००० - रु २०००००० सम्म | ५००।०० |
| | रु २०००००० देखि माथि | १०००।०० |

## अनुसूची-१३
## भवन निर्माण कार्यको इजाजत दिँदा गाउँपालिकाले लिने दस्तुरको दर

**१. क, ख र ग वर्गको भवनहरुको लागि गाउँपालिकाले लिने दस्तुरको दर :-**

| भवनको किसिम | प्रयोजन | | | |
|---|---|---|---|---|
| | आवासीय (प्रति वर्ग फिट दर रु.) | औद्योगिक/व्यापारिक (प्रति वर्ग फिट दर रु.) | सरकारी (प्रति वर्ग फिट दर रु.) | संस्थागत (प्रति वर्ग फिट दर रु.) |
| क वर्गका भवनहरु | १०।- | १३।- | १५।- | १३।- |
| ख वर्गका भवनहरु | ७।- | ९।- | १२।- | ८।- |
| ग वर्गका भवनहरु | ६।- | ८।- | ११।- | ७।- |

**२. घ वर्गका भवनहरुको लागि गाउँपालिकाले लिने दस्तुरको दर :-**

| भवनको किसिम | प्रयोजन | | | |
|---|---|---|---|---|
| | आवासीय (प्रति वर्ग फिट दर रु.) | औद्योगिक/व्यापारिक (प्रति वर्ग फिट दर रु.) | सरकारी (प्रति वर्ग फिट दर रु.) | संस्थागत (प्रति वर्ग फिट दर रु.) |
| बजार क्षेत्र | ३।- | ४।- | ४।- | ८।- |
| ग्रामीण क्षेत्र | २।- | ३।- | ३।- | ६।- |

**३.कार्यविधि लागू हुनुअघि निर्माण भईसकेका भवनहरुको यथास्थिति अभिलेखकिरण नक्सा पास दस्तुर (भवन ऐन, २०५५ अनुसार वर्गीकृत भवनहरुको आधारमा)**

| भवनको किसिम | प्रयोजन | | | |
|---|---|---|---|---|
| | आवासीय (प्रति वर्ग फिट दर रु.) | औद्योगिक/व्यापारिक (प्रति वर्ग फिट दर रु.) | सरकारी (प्रति वर्ग फिट दर रु.) | संस्थागत (प्रति वर्ग फिट दर रु.) |
| क वर्गका भवनहरु | ८।- | ८।- | १३।- | ७।- |
| ख वर्गका भवनहरु | ८।- | ८।- | ११।- | ६।- |
| ग वर्गका भवनहरु | ६।- | ७।- | १२।- | ५।- |
| घ वर्गका भवनहरु | ३।- | ४।- | ४।- | ५।- |

यो कार्यविधि लागू हुनुअघि निर्माण भईसकेका र लागू भएपछि निर्माण हुने मिश्रित किसिमका सामग्री प्रयोग गरी निर्माण भएका भवनहरुको दस्तुरको हकमा बनोटको आधारमा माथि अनुसूची १४ को १ र २ मा उल्लेख भए बमोजिमको दरमा दस्तुर लिइने ।

**भवन निर्माण पाससँग सम्बन्धित दस्तुर :-**

| सि.नं. | विवरण | दर (रु. मा) |
|---|---|---|
| १ | ट्रस टहरा आवासीय | प्रति गोटा रु. १०००।- |
| २ | ट्रस टहरा व्यवसायिक | प्रति वर्ग फिट रु. ७।- |
| ३ | फ्रेम स्ट्रक्चर हाउजिङ र व्यवसायिक २००० वर्ग फिटसम्म | प्रति वर्ग फिट रु. १०।- |
| ४ | फ्रेम स्ट्रक्चर हाउजिङ र व्यवसायिक २००१ वर्ग फिटदेखि ३००० वर्ग फिटसम्म | प्रति वर्ग फिट रु. २०।- |
| ५ | फ्रेम स्ट्रक्चर हाउजिङ र व्यवसायिक ३००० वर्ग फिटभन्दा बढी | प्रति वर्ग फिट रु. ३०- |
| ६ | नक्सा निवेदन | रु ५००।- |
| ७ | नक्सा संशोधन | प्रति वर्ग फिट रु २।- |
| ८ | नक्सा नामसारी पक्की घर | रु १०००।- |
| ९ | नक्सा नामसारी अर्ध पक्की घर | रु ५००।- |
| १० | नक्सा नामसारी परम्परागत पक्की घर | रु ५००।- |
| ११ | नक्सा नामसारी कच्ची घर | रु ५००।- |
| १२ | प्राविधिक सेवा शुल्क | रु १०००।- |
| १३ | स्थलगत सर्जमिन प्राविधिक रेखाङ्कन | रु १५००।- |
| १४ | नक्सा प्रमाणपत्र प्रतिलिपि | रु १०००।- |
| १५ | नक्सा नवीकरण | रु ५००।- |
| १६ | प्रमाणीकरण शुल्क | रु ५००।- |

वराहपोखरी गाउँपालिकाको गाउँसभाबाट पारित यो विधेयक (संख्या १, जम्मा पृष्ठ संख्या २२) नेपालको संविधानको धारा २२६ को उपधारा (१) र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ दफा २१ को उपदफा (१) बमोजिम प्रमाणिकरण गर्दछु ।

.............................

**शालिकराम बन्जारा**

**गाउँसभा अध्यक्ष**

**मिति : २०८२।०३।१०**